प.न. १५६२

इटहरी उप-महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
इटहरी
१ नं. प्रदेश, नेपाल
सूचना प्रविधि अधिकृत छनौट तथा सिफारिस समिति

प्रथम पटक प्रकाशित मिति : २०७४।०८।२६

## सूचना प्रविधि अधिकृत पदको लागि दरखास्त आब्हान सम्वन्धी सूचना

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरवार काठमाण्डौको च.नं.१२७ मिति २०७४।०७।१७ को प्राप्त पत्रानुसार स्थानीय तहहरुलाई सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहसंग आबद्ध गर्ने गरी सबै नगरपालिकाहरुमा १/१ जनाको दरले सूचना प्रविधि अधिकृत (IT Officer) व्यवस्था गर्ने गरी लेखिएको उक्त पत्रको बुँदा नं.२ अनुसार अनुसार इटहरी उप-महानगरपालिका कार्यालयमा सूचना प्रविधि अधिकृत (IT Officer) पद रिक्त रहेकोले इटहरी उप-महानगरपालिकाको कार्यालय, छनौट तथा सिफारिस समितिको मिति २०७४।०८।२५ गतेको निर्णयानुसार उक्त पत्रमा उल्लेख भए बमोजिमको प्रकृया तथा मापदण्ड अनुसार करार सेवामा सूचना प्रविधि अधिकृत (IT Officer) छनौट तथा सिफारिस गरिने भएको तपसिलको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निम्नानुसार आवेदन पेश गर्न हुन दरखास्त आब्हान गरिएको छ ।

तपसिल

१. पदको नाम: सूचना प्रविधि अधिकृत (IT Officer)
२. स्तर/तह: अधिकृत स्तर छैठौं सरह (प्राविधिक)
३. आवश्यक पद संख्या : १ (एक)
४. न्यूनतम शैक्षिक योग्यता : लोकसेवा आयोगले लिने कम्प्यूटर पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Communication Technologies वा सो सरहको विषहरु मध्ये कुनै विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT) उत्तिर्ण गरेको।
५. दरखास्त पेश गर्नु पर्ने स्थान : इटहरी उप-महानगरपालिका कार्यालय वा इमेल ठेगाना itahari.municipality@gmail.com वा हुलाक मार्फत कार्यालयको नाममा पठाउनु पर्ने छ ।
६. दरखास्त पेश गर्ने अन्तिम मिति : २०७४ साल पौष १२ गते कार्यालय समय भित्र ।
७. छनौटको प्रकार: छनौट तथा सिफारिस समितिले निर्धारित सूचकको आधारमा छोटो सूची (Short List) तयार गरेर ।

सञ्जय अधिकारी

८. सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) सचिवस्तरको मिति २०७४।०३।२८ को निर्णयानुसार हुने ।

९. पारिश्रमिक मासिक: जम्मा तलब रु.४०,०००।

१०. करार सेवाको अवधि : २०७५ असार मसान्त सम्म ।

११. दरखास्त दस्तुर : रु.१०००। (एक हजार)

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।

२. बसाई सरी आएको हकमा बसाई सराई दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

३. विवाहिताको हकमा विवाहदर्ता प्रमाण-पत्रको प्रतिलिपी ।

४. शैक्षिक योग्यताको प्रमाण-पत्र प्रतिलिपी ।

५. सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछी काम गरेको अनुभव भए सोको प्रमाण-पत्रको प्रतिलिपी ।

६. दरखास्त दस्तुर : इटहरी उप-महानगरपालिका कार्यालय, राजश्व शाखामा दस्तुर बुझाएको वा इटहरी उप-महानगरपालिका कार्यालयको नाममा नेपाल बैंक इटहरीमा रहेको ग४-१/०५९०३००००००००४००१००२ मा दरखास्त दस्तुर जम्मा गरेको भौचरको प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

नोट: १. दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

२. थप जानकारीको लागि इटहरी उप-महानगरपालिकाको वेभ साईट www.itaharimun.gov.np मा हेर्नु होला ।

सञ्जय अधिकारी
प्रशासकीय अधिकृत